त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति : २०८२/०१/१०

## स्नातकोत्तर तहमा भर्नाका लागि पाँचौं सूची प्रकाशन गरिएको ।

स्नातकोत्तर तहको भर्नाका लागि मिति २०८२/०१/०२ मा प्रकाशित सूचना अनुसार पुनःआवेदन दिने आवेदकहरू मध्ये चौथो भर्ना सूचीको आवेदकहरू मध्ये निर्धारित समय भित्र भर्ना नभइ तथा भर्ना रद्द गरि रिक्त रहेका स्थानहरूमा प्रवेश परीक्षाको प्राप्ताङ्कको योग्यताक्रम तथा आवेदकहरूको प्राथमिकता क्रमका आधारमा भर्नाका लागि पाँचौं सूची प्रकाशन गरिएको छ ।

यस भर्ना सूची प्रकाशन गर्दा सकेसम्म त्रुटि रहित बनाउने प्रयास गरिएको छ । कारणवश त्रुटि भएको पाइएमा दावी विरोध गर्न सकिनेछ । दावी विरोधका लागि मिति २०८२/०१/११ मा ११:०० बजेदेखि अपरान्ह २ बजे सम्म सूचना प्रविधि केन्द्रमा लिखित रुपमा निवेदन दिनु पर्नेछ तथा सूची प्रकाशनमा कुनै त्रुटि भएको पाइएमा सोही दिन बेलुका ५:०० बजे संशोधित सूची प्रकाशन गरिनेछ ।

पाँचौं भर्ना सूचीमा नाम प्रकाशित भएका आवेदकहरू मिति २०८२/०१/१२ मा बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म भर्ना भइसक्नु पर्नेछ ।

**द्रष्टब्य :**

- भर्नाका लागि नाम प्रकाशन भएका आवेदकहरूले उपरोक्त अनुसार तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र तोकिएका कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।
- पाँचौं भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरूले भर्ना नगरी स्थान रिक्त रहन गएमा मात्र छैठौं भर्ना सूची प्रकाशन गरिनेछ ।
- माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भइ भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्ना हुन पाउने छैनन् । तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भइ भर्ना भइसकेका आवेदकहको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचीहरूमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरूमा नाम प्रकाशित गरिनेछ ।
- भर्ना सूचीमा नाम प्रकाशित भइ भर्ना भइसकेपछि कुनै पनि आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनी लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।
- भर्ना सम्बन्धी कुनै द्विविधा भएमा भर्ना समितिमा सम्पर्क राख्न सकिनेछ ।

### भर्ना हुन आउँदा लिई आउनुपर्ने आवश्यक कागजातहरू तथा शुल्क

- नेपाली नागरिकताको सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति ।
- राष्ट्रिय परिचयपत्रको प्रतिलिपि १ प्रति (बैंकिङ प्रयोजनको लागि) ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- इन्जिनियरिङ अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्ड द्वारा २०८१ सालमा लिइएको स्नातकोत्तर (M.Sc.) तहको प्रवेश परीक्षामा प्रवेश परीक्षा उत्तीर्ण भइ प्राप्त गरेको Score Card।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
- एस. इ. इ. र उच्च माध्यमिक तह (१०+२) वा सो सरहका परीक्षाका लब्धाङ्क पत्र, सम्बन्धित परीक्षा बोर्डबाट प्राप्त प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रहरूका सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- स्नातक तह वा सो सरहको लब्धाङ्क पत्र, प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- त्रि. वि. बाहेक अन्य विश्वविद्यालयहरूबाट स्नातक तह उत्तीर्ण गरेका आवेदकहरूले सम्बन्धित विश्वविद्यालयको माइग्रेसन सर्टिफिकेटको सक्कल तथा प्रमाणित प्रतिलिपि १ प्रति ।
- विदेशी विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेका आवेदकहरूले समकक्षताको प्रमाणपत्रको सक्कल तथा प्रमाणित प्रतिलिपि १ प्रति ।
- क्याम्पसमा भर्नाका लागि २०८१/११/२० गते प्रकाशित भर्ना सम्बन्धी सूचनाको बुँदा नं ९ मा उल्लिखित निम्नानुसारको रकमः
  - ✓ नियमित : रु. ३१,७६९।-
  - ✓ पूर्णशुल्किय : रु. ८०,७९४।-
  - ✓ हाइड्रोपावर इन्जिनियरिङ नियमित : रु. ८१,७६९।-
  - ✓ हाइड्रोपावर इन्जिनियरिङ पूर्णशुल्किय : रु. १,३०,७९४।-
  - ✓ Climate Change and Development र पावर इलेक्ट्रोनिक्स एण्ड ड्राइभ्स इन्जिनियरिङ नियमित : रु. ५६,७६९।-
  - ✓ Climate Change and Development र पावर इलेक्ट्रोनिक्स एण्ड ड्राइभ्स इन्जिनियरिङ पूर्णशुल्किय : रु. १,०५,७९४।-
- त्रि. वि. बाहेकका विश्वविद्यालयहरूबाट स्नातक तह उत्तीर्ण गरेका आवेदकहरूले त्रि. वि. दर्ता शुल्क रु. ५००।- (विदेशी विश्वविद्यालयबाट उत्तीर्ण भएका आवेदकहरूको लागि रु. १,०००।-) थप भुक्तानी गर्नुपर्नेछ।
- आवेदकहरूले भर्ना शुल्क भुक्तानी गर्दा QR कोड बाट समेत भुक्तानी गर्न सकिनेछ ।

भर्ना सूची र अन्य आवश्यक जानकारी www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।

अध्यक्ष
भर्ना समिति २०८१
पुल्चोक क्याम्पस

**TRIBHUVAN UNIVERSITY**
**INSTITUTE OF ENGINEERING**
**Pulchowk Campus**
**M.Sc. Fifth Admission List 2081**

## Environmental Engineering Full Fee (18)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 1083 | GAURAV POUDEL | Male | Lalitpur | 409 | 26 | 22 | 18 | 40 | | | | | | | | | Shifted from 40 |

## Transportation Engineering Full Fee (22)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 890 | SHANKAR ADHIKARI | Male | Kaski | 325 | 22 | | | | | | | | | | | | New |

## Hydropower Engineering Full Fee (28)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 1469 | ASIM DHUNGANA | Male | Syangja | 977 | 22 | 28 | 18 | 24 | | | | | | | | | Shifted from 40 |
| 2. | 336 | GANESH POUDEL | Male | Rupandehi | 1047 | 28 | | | | | | | | | | | | New |
| 3. | 150 | PRANAYA POKHAREL | Male | Lalitpur | 1086 | 28 | 18 | 22 | 26 | | | | | | | | | New |